मिति : २०८२/०८/०२

**धान बाली क्षतिपछि किसानका आँसु पुछ्न बेलकोटगढीको अग्रसरता—**

**“जनप्रतिनिधिदेखि कर्मचारीसम्म एकै आवाज: किसान बचाउनै पर्छ”**

बेलकोटगढी, नुवाकोट— पछिल्लो समयमा परेको बेमौसमी वर्षाका कारण बेलकोटगढी नगरपालिकामा धानबालीमा व्यापक क्षति पुगेपछि किसानहरू कठिन दैनिकीसँग लडिरहेका छन्। धेरैका धानबालीमा धान झरेर नष्ट भएको छ र केहीको त उत्पादन नै शून्य भएको छ । यतिबेला स्थानीय सरकार किसानको पीडा महसुस गर्दै राहत तथा क्षतिपूर्ति वितरणको प्रक्रियामा दृढतापूर्वक अग्रसर बनेको छ।

तथ्यांकअनुसार नगर प्रमुख, उप प्रमुख, सम्बन्धित वडा अध्यक्षज्यू, जनप्रतिनिधि, कर्मचारी, कृषि शाखाका प्राविधिक ज्यूहरू, प्रहरी तथा सम्पूर्ण सरोकारवालाको सहयोगमा क्षति मूल्यांकन तथा विवरण संकलन पश्चात ७७५२ रोपनीमा क्षति पुगेको भएको पाइएकोमा बेलकोटगढी नगरपालिका क्षेत्र भित्रका किसानहरुलाई करिब ८० लाख रुपैयाँ बराबरको राहतकोष स्थापना गरी क्षतिपूर्ति प्रदान गर्न मिति २०८२/०७/३० गते बसेको कार्यपालिका वैठकले निर्णय गरेको छ । यो रकम नगरपालिकाको **विपद् व्यवस्थापन कोष, जनप्रतिनिधिहरूको एक महिनाको तलब,** र **नगरपालिका कार्यालय, वडा कार्यालय, स्वास्थ्य कार्यालय र विद्यालयमा कार्यरत निजामती एवं सम्पूर्ण कर्मचारी तथा शिक्षकहरूको समेत एक दिनको तलब** जोडेर जुटाइएको हो। आर्थिक स्रोत सिमित हुँदाहुँदै पनि किसानलाई तत्काल राहत पुऱ्याउन मानवीय आधारमा गरिएको यो निर्णयले बेलकोटगढीलाई ‘किसानमैत्री नगर’ को रूपमा मूल नारा *“शिक्षा, स्वास्थ्य, कृषि र पर्यटन लगायतका पूर्वाधारमा अभिवृद्धि : बेलकोटगढीको समृद्धि”* लाई अवलम्वन गर्दै कृषि क्षेत्रमा परेको विपत्तिको सामना गर्न नगरपालिका सदैव तत्पर रहेको अवगत गराइन्छ ।

नगरप्रमुख श्री जगत बहादुर गुरुङ ज्यू, उप प्रमुख श्री शिव प्रसाद दाहाल ज्यू, प्रमुख प्रशासकीय अधिकृत श्री नेत्र प्रसाद घिमिरे ज्यू संयुक्त भनाई अनुदार, *“किसान उत्पादनकर्ता मात्र होइनन्, नगरको मेरुदण्ड हुन्। उनीहरू उभिए नगर उभिन्छ। त्यसैले अहिलेको प्राथमिकता किसानको घर–घरमा राहत पुऱ्याउनु नै हो।”*

नगरपालिकाले राहत वितरण गर्दा पारदर्शिता र तथ्यमा आधारित मूल्यांकनलाई प्राथमिकता दिने छ। वडा कार्यालयहरूले गरेको प्रत्यक्ष अवलोकन, कृषि शाखाले संकलन गरेको प्रतिवेदन तथा किसान स्वयंले दिएको विवरणका आधारमा राहत सूची तयारी भैसकेको छ। सम्पूर्ण बेलकोटगढी नगरबासी धानबाली क्षतिबाट पिडित समुदायले आजको मितिले एक हप्ता भित्र आ-आफ्नो वडा कार्यालयमा सम्पर्क गरी प्रक्रियागत रुपमा आफ्नो क्षतिपूर्ति वापतको राहत सुनिश्चित गर्न आवश्यक कागजात बुझाउन समेत नगरपालिका परिवार अपिल गर्दछ।

किसानहरू अहिले पनि बेमौसमी वर्षाको डरले अस्थिर छन्, तर नगरपालिकाको यो दृढ पहलले उनीहरूमा आशाको किरण देखाएको छ। टिल्के पत्थर, घुमाउने खोलो, तल्लो फाँटदेखि माथिल्लो बस्तीका धेरै किसान भन्छन्— *"बाली गएको छ, दु:ख त छ तर कम्तीमा हाम्रो सरकार हामीलाई बिर्सिएको छैन।"*

बेलकोटगढीको यो निर्णयले न केवल आर्थिक राहत, तर सामाजिक सहारा पनि किसानलाई दिएको छ। संकटको घडीमा स्थानीय सरकार, जनप्रतिनिधि र कर्मचारी एकजुट भएर उभिएको यो उदाहरण देशभरका स्थानीय तहका लागि प्रेरणा बन्न सक्नेछ।

अहिले राहत वितरणका अन्तिम तयारीहरू भइरहेका छन्, र नगरपालिकाले आगामी वर्ष यस प्रकारको क्षति न्यूनीकरण गर्न दीगो कृषि योजना तथा प्राविधिक सहयोग रेडिमेड राख्ने पनि बताएको छ।

किसानका खेतमा हराएको बाली सायद फर्किँदैन, तर बेलकोटगढीको यो सहानुभूति र साथले किसानको मनमा भरोसा फेरि उब्जिन थालेको छ— **"कसैको हात नपुग्दा हराएका सपना, अब आफ्नै नगरले सम्हालिदियो।"**